## मिति २०७८/१०/२६ गतेको ११० औं गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरुः

| क्र. सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | पेश गर्ने विषयगत समिति/शाखा |
|---|---|---|---|
| १. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विद्येयक २०७८ सम्बन्धमा । | भगवतीमाई गाउँपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन बनेको विद्येयक, २०७८ स्वीकृत गरी गाउँसभा पेश गर्ने । | वातावरण तथा विपद् व्यवस्थापन समिति/पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा |
| २. | भूमी विद्येयक २०७८ सम्बन्धमा । | भगवतीमाई गाउँपालिका भूमी विद्येयक २०७८, स्वीकृत गरी गाउँसभा पेश गर्ने । | सामाजिक विकास समिति/सामाजिक तथा आर्थिक विकास शाखा |
| ३. | गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण २०७८ सम्बन्धमा । | यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण २०७८, स्वीकृत गरी गाउँसभामा पेश गर्ने । | सुशासन तथा संस्थागत विकास समिति/प्रशासन योजना तथा अनुगमन शाखा |
| ४. | कार्यक्रम संशोधन तथा रकमान्तर सम्बन्धमा । | चालु आ.व. २०७८/०७९ को लागि स्वीकृत बार्षिक कार्यक्रम अनुसार २०७८ श्रावण देखी हालसम्म गाउँ कार्यपालिकाबाट भएका बजेट तथा कार्यक्रम संशोधन र रकमान्तर सम्बन्धी निर्णय गाउँसभामा पेश गर्ने । थप संशोधन गर्न आवश्यक कार्यक्रम तथा योजना संशोधनको लागि कार्यक्रम तथा योजना संशोधन प्रस्ताव अनुसूची-१ बमोजिम स्वीकृत गरी गाउँसभा पेश गर्ने । | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ५. | संशोधित बजेट तथा कार्यक्रम २०७८/०७९ सम्बन्धमा । | चालु आ.व. २०७८/०७९ को लागि नवौं गाउँसभाबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम भन्दा थप बजेट तथा कार्यक्रम प्राप्त भएका र संशोधित योजना तथा कार्यक्रम सहितको संशोधित बजेट तथा कार्यक्रम अनुसूची-२ बमोजिम स्वीकृत गरी गाउँसभामा पेश गर्ने । | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ६. | शैक्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/०७९ सम्बन्धमा । | भगवतीमाई गाउँपालिका शैक्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/०७९ स्वीकृत गर्ने । | सामाजिक विकास समिति/ शिक्षा यूवा तथा खेलकूद शाखा |
| ७. | आधारभूत तह कक्षा-८ परीक्षा सञ्चालन कार्यविधि २०७८ | भगवतीमाई गाउँपालिका आधारभूत तह कक्षा ८ परीक्षा सञ्चालन कार्यविधि, २०७८ स्वीकृत गर्ने । | सामाजिक विकास समिति/ शिक्षा यूवा तथा खेलकूद शाखा |
| ८. | स्वास्थ्य तथा सरसफाई नीति २०७८ | भगवतीमाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई नीति, २०७८ स्वीकृत गरी गाउँसभामा पेश गर्ने । | सामाजिक विकास समिति/स्वास्थ्य शाखा |
| ९. | खानेपानी सरसफाई तथा स्वच्छता ईकाइ निरन्तरता सम्बन्धमा । | विगत लामो समय देखी यस गाउँपालिकामा सञ्चालित ग्रामणी जलस्रोत व्यवस्थापन आर्थिक वर्ष २०७९ अषाढ मसान्त देखी अवधि सम्पन्न हुने भएको र खानेपानी सरसफाई तथा स्वच्छता वास क्षेत्रमा निर्माण भएका योजनाहरुको दिगोपनाका साथै नयाँ निर्माण हुने योजनाहरु समेतलाई गुणस्तरीय सहभागितात्मक पारदर्शी रुपमा निर्माण गर्न गाउँपालिकाको खानेपानी तथा सरसफाई निर्देशिका बमोजमि आवश्यक जनशक्ति सहित वास ईकाइ आर्थिक वर्ष २०७९/८० को लागि निरन्तरता दिने र | सामाजिक विकास समिति/वास ईकाइ |

| क्र. सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | पेश गर्ने विषयगत समिति/शाखा |
|---|---|---|---|
| | | सो को लागि आवश्यक बजेट व्यवस्था गर्ने<br>क. वास ईकाइ प्रमुख जलस्रोत अधिकृत १ जना<br>ख. प्राविधिक १ जना<br>ग. सरसफाइ तथा स्वच्छता प्रवर्द्धक १ जना | |
| १०. | एक स्थानीय तह एक कृषि बाली उत्पादन कार्यक्रममा साझेदारी गर्ने सम्बन्धमा । | चालु आ.व. २०७८/०७९ कृषि विकास कार्यालय दैलेखको स्वीकृत वार्षिक कार्यक्रम अनुसार एक स्थानीय तह एक कृषि बाली उत्पादन कार्यक्रममा साझेदारीको लागि अनुरोध भई आएको हुँदा सो कार्यक्रममा साझेदारीको लागि बजेट व्यवस्था गर्ने । | आर्थिक विकास समिति/ कृषि सेवा केन्द्र |
| ११. | रोजगार सहायकको पदपूर्ति समितिको विषयविज्ञ तोक्ने सम्बन्धमा । | यस गाउँपालिकाको लागि चालु आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार नेपाल सरकार सशर्त अनुदान अन्तर्गत रोजगार सहायक पदपूर्तिको लागि विषयविज्ञ तोक्ने । | प्रमुख प्रशासकीय अधिकृत |
| १२. | आधारभूत अस्पतालको डि.पि.आर. स्वीकृत गर्ने सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिका अन्तर्गत स्वीकृत १० शैयाको भगवतीमाई आधारभूत अस्पतालको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गर्ने । | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा |
| १३. | पान्तोला बालविकास केन्द्र समुदायलाई हस्तान्तरण गर्ने सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिका वडा नं. ०५ भगवती मा.वि. थुवाँमा रहेको पान्तोला बाल विकास केन्द्र वडा नं. ०५ स्थित पान्तोला समुदायलाई हस्तान्तरण गर्ने । | शिक्षा युवा तथा खेलकूद शाखा |
| १४. | भिडियो डकुमेन्ट्री निर्माण कार्यको लागि बजेट व्यवस्था सम्बन्धमा । | चालु आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नेपाल सरकार वित्तीय समानीकरण अनुदान अन्तर्गत आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन खर्च रु. ५००००००। मध्ये रु. १००००००। गाउँपालिकाको भिडियो डकुमेन्ट्री तयारी कार्यमा खर्च गर्ने | प्रशासन, योजना तथा अनुगमन शाखा |

**मिति २०७८/१०/२६ गतेको ११० औं गाउँ कार्यपालिकाको बैठकाबाट निर्णयहरुः**

१. **भगवतीमाई गाउँपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन बनेको विद्येयक, २०७८** स्वीकृत गरी गाउँसभा पेश गर्ने ।

२. **भगवतीमाई गाउँपालिका भूमी विद्येयक, २०७८** स्वीकृत गरी गाउँसभा पेश गर्ने ।

३. **गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०७८** प्रतिवेदन स्वीकृत गरी गाउँसभामा पेश गर्ने ।

४. चालु आ.व. २०७८/०७९ को लागि स्वीकृत बार्षिक कार्यक्रम अनुसार २०७८ श्रावण देखी हालसम्म गाउँ कार्यपालिकाबाट भएका बजेट तथा कार्यक्रम संशोधन र रकमान्तर सम्बन्धी निर्णय गाउँसभामा पेश गर्ने । थप संशोधन गर्न आवश्यक कार्यक्रम तथा योजना संशोधनको लागि कार्यक्रम तथा योजना संशोधन प्रस्ताव अनुसूची-१ बमोजिम स्वीकृत गरी गाउँसभा पेश गर्ने ।

५. चालु आ.व. २०७८/०७९ को लागि नवौं गाउँसभाबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम भन्दा थप बजेट तथा कार्यक्रम प्राप्त भएका र संशोधित योजना तथा कार्यक्रम सहितको संशोधित बजेट तथा कार्यक्रम अनुसूची-२ बमोजिम स्वीकृत गरी गाउँसभामा पेश गर्ने ।

६. **भगवतीमाई गाउँपालिका शैक्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/०७९** स्वीकृत गर्ने ।

७. **भगवतीमाई गाउँपालिका आधारभूत तह कक्षा ८ परीक्षा सञ्चालन कार्यविधि, २०७८** स्वीकृत गर्ने ।

८. **भगवतीमाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई नीति, २०७८** स्वीकृत गरी गाउँसभामा पेश गर्ने ।

९. विगत लामो समय देखी यस गाउँपालिकामा सञ्चालित ग्रामणी जलस्रोत व्यवस्थापन आर्थिक वर्ष २०७९ असाढ मसान्त देखी अवधि सम्पन्न हुने भएको र खानेपानी सरसफाई तथा स्वच्छता (वास) क्षेत्रमा निर्माण भएका योजनाहरुको दिगोपनाका साथै नयाँ निर्माण हुने योजनाहरु समेतलाई गुणस्तरीय, सहभागितात्मक तथा पारदर्शी रुपमा निर्माण गर्न गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता निर्देशिका बमोजिम आवश्यक जनशक्ति सहित वास ईकाइ आर्थिक वर्ष २०७९/८० को लागि निरन्तरता दिने र सो को लागि आवश्यक बजेट व्यवस्था गर्ने ।

    क. वास ईकाइ प्रमुख जलस्रोत अधिकृत १ जना/करार

    ख. प्राविधिक १ जना स्थायी

    ग. सरसफाई तथा स्वच्छता प्रवर्द्धक १ जना/करार

१०. चालु आ.व. २०७८/०७९ कृषि विकास कार्यालय दैलेखको स्वीकृत वार्षिक कार्यक्रम अनुसार एक स्थानीय तह एक कृषि बाली उत्पादन कार्यक्रममा साझेदारीको लागि अनुरोध भई आएको हुँदा सो कार्यक्रममा आन्तरिक श्रोत अन्तर्गत प्रदेश तथा नेपाल सरकार र अन्य संघ संस्थासँग कृषि कार्यक्रम साझेदारीबाट लागत व्यहोर्ने ।

११. यस गाउँपालिकाको लागि चालु आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार नेपाल सरकार सशर्त अनुदान अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि आवश्यक रोजगार सहायक छनौट गर्न छनौट तथा पदपूर्तिको लागि सिफारिस समितिको विषयविज्ञमा जिल्ला प्रशासन कार्यालय दैलेखको अधिकृतस्तर कर्मचारीलाई प्रतिनिधि तोक्ने ।

१२. यस भगवतीमाई गाउँपालिका अन्तर्गत स्वीकृत १० शैयाको आधारभूत अस्पतालको पूर्वाधार निर्माण सम्बन्धी विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) र रु. १७३०७३०७०.३९ को लागत अनुमान स्वीकृत गर्ने ।

१३. यस भगवतीमाई गाउँपालिका वडा नं. ०५ भगवती मा.वि. थुवाँमा रहेको पान्तोला बाल विकास केन्द्र वडा नं. ०५ स्थित पान्तोला समुदायलाई हस्तान्तरण गर्ने ।

१४. चालु आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नेपाल सरकार वित्तीय समानीकरण अनुदान अन्तर्गत आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन खर्च रु. ५००००००। मध्ये रु. १००००००। गाउँपालिकाको भिडियो डकुमेन्ट्री तयारी कार्यमा खर्च गर्ने निर्णय गरियो ।

## <u>अनुसूची-१</u>

गाउँ कार्यपालिकाको १०९ औं बैठक

निर्णय नं. ०४ सँग सम्बन्धित

अनुसूची-२

गाउँ कार्यपालिकाको १०९ औं बैठक

निर्णय नं. ०५ सँग सम्बन्धित